३१. सबै जातजाती भाषा, धर्म सस्कृतीको संरक्षणका लागि आवश्यक कार्यक्रम संचालन गर्न बजेट व्यवस्थापन गरेकोछु ।

३२.प्रदेश सरकारससँगको साझेदारीमा विभिन्न विद्यालयहरुलाई अनुदानको व्यवस्था गरेकोछु ।

३३.कर्मचारीलाई उत्प्रेरित गरी कार्यसम्पादन उच्च राख्दै सार्वजनिक सेवा प्रवाहलाई छिटो छरीतो तथा सरल ढङ्गले प्रवाह गर्नका लागि प्राविधिक कर्मचारीहरुलाई दिदै आएको फिल्ड भत्ता साथै प्रोत्साहन भत्तालाई निरन्तरता दिएकोछु ।

३४. भाषा शिक्षक, बाल बिकास र बिद्यालय कर्मचारीहरुले संघीय अनुदान सहित विगतको आर्थिक वर्षमा रु १७२५० खादै आएकोमा अब रु २०००० कायम गरेको छु ।

३५. बाल विकास, भाषा,कार्यालय सहयोगी, विद्यालय लेखा कर्मचारीहरुलाई समयानुकुल हुने आवश्यक तलव भत्ता पुनरावलोकन सम्बन्धि व्यवस्था गरेकोछु ।

३६.ग्रामीण जीवनलाई सुरक्षित, व्यवस्थित र शान्त बनाउने प्रयोजनार्थ गाउँ प्रहरी व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

३७.संघीय तथा प्रदेशको आवधिक योजना तथा लक्ष्यलाई परिपूर्ती गर्न सबै क्षेत्र र वर्गमा बजेटलाई समेट्ने प्रयास भएकाछन् ।

३८.अब म गाउँपालिका र वडाबाट बिनियोजित बजेटको बिस्तृत विवरण पेश गर्न चाहान्छु ।

| आ.व. २०८२।८३ को अनुमानित कुल बजेट | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | बजेटको स्रोत | संघीय सरकार | प्रदेश सरकार | फक्ताङलुङ गा.पा. | जम्मा |
| १ | वित्तीय समानीकरण | ११२३००००० | ९५६९००० | | १२१८६९००० |
| २ | राजश्व बाँडफाँड | १३४०००००० | ९५९८००० | | १४३५९८००० |
| ३ | सशर्त अनुदान | २१९४००००० | १३१४२००० | | २३२५४२००० |
| ४ | विशेष अनुदान | २०७००००० | | | २७० ००००० |
| ५ | समपूरक अनुदान | ९१००००० | १६०००००० | | २५१००००० |
| ६ | आन्तरिक आय | | | ४९९१००१ | ४९९१००१ |
| ७ | अनुमानित अल्या | | | ५०००००० | ५०००००० |
| ९ | अन्य संस्थागत अनुदान | | | | ० |
| कुल बजेट | | ४९५५००००० | ४८३०९००० | ९९९१००१ | ५५३८००००१ |

(अक्षरुपी पचपन्न करोड अड्तीस लाख एक रुपैया)

